मितिः २०८१/०६/२३
समयः बिहान ८.०० बजे
स्थानः नागार्जुन नगरपालिका

नागार्जुन नगरपालिकाका नगर प्रमुख श्री मोहन बहादुर बस्नेतज्यूको अध्यक्षतामा यस नगरपालिका नगर कार्यपालिकाको नियमित बैठक तपसिलमा उल्लेखित पदाधिकारीहरूको उपस्थितीमा बसि देहायको निर्णय गरियो ।

तपसिलः-

| सि.नं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री मोहन बहादुर बस्नेत | नगर प्रमुख | |
| २ | श्री सुशिला अधिकारी | उपप्रमुख | |
| ३ | श्री महेश रिमाल | प्रवक्ता एवं वडा अध्यक्ष | |
| ४ | श्री रामेश्वर लामा | वडा अध्यक्ष, वडा नं १ | |
| ५ | श्री थुमराज के.सी. | वडा अध्यक्ष, वडा नं २ | |
| ६ | श्री उमेश लामा | वडा अध्यक्ष, वडा नं ३ | |
| ७ | श्री लक्ष्मीराम शर्मा पौडेल | वडा अध्यक्ष, वडा नं ४ | |
| ८ | श्री देवेन्द्रराज गिरी | वडा अध्यक्ष, वडा नं ६ | |
| ९ | श्री शैलेन्द्र लामा | वडा अध्यक्ष, वडा नं ७ | |
| १० | श्री सुरज कुमार पोखरेल | वडा अध्यक्ष, वडा नं ८ | |
| ११ | श्री रामकृष्ण भट्टराई | वडा अध्यक्ष, वडा नं ९ | |
| १२ | श्री सुन्दर बहादुर के.सी. | वडा अध्यक्ष, वडा नं १० | |
| १३ | श्री शोभा नेपाली | नगरकार्यपालिका सदस्य | |
| १४ | श्री इशु खड्का | नगरकार्यपालिका सदस्य | |
| १५ | श्री कल्पना बसेल | नगरकार्यपालिका सदस्य | कल्पना |
| १६ | श्री बुद्रमाया पुतुवार (नगरकोटी) | नगरकार्यपालिका सदस्य | |
| १७ | श्री हुम्जला राई | नगरकार्यपालिका सदस्य | |
| १८ | श्री चन्दा सुनार | नगरकार्यपालिका सदस्य | |
| १९ | श्री अम्बिका सुनचिउरी गजमेर | नगरकार्यपालिका सदस्य | |
| २० | श्री रमेश बसेल | नगरकार्यपालिका सदस्य | |
| २१ | श्री शिव प्रसाद रिजाल | प्रमुख प्रशासकीय अधिकृत एवम् सदस्य सचिव | |

# निर्णयहरू:

निर्णय नं. १

गत मिति २०८०/०६/१५ गते बसेको नगर कार्यपालिकाको बैठकको निर्णयहरू कार्यान्वयनको सम्बन्धमा समिक्षा गरियो ।

निर्णय नं. २

मिति २०८१/०६/११ र १२ गते परेको अविरल वर्षाको कारण गएको पहिरोमा परी आंशिक तथा पूर्ण रूपमा क्षति भई विस्थापित भएका पिडितहरूलाई तत्काल राहत तथा भाडा व्यवस्थापनको लागि संलग्न सूची बमोजिमका व्यक्तिहरूलाई प्रति व्यक्ति रू.२५,०००/- (पच्चिस हजार) का दरले प्रकोप व्यवस्थापन कोषबाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ३

सि.सि.क्यामरा व्यवस्थापन सम्बन्धमा छलफल गर्दा यस नगरपालिका अन्तर्गत वडाहरूमा मिति २०८१/०६/१८, वडा नं. ६, ७, ८, ९ र १० तथा २० गते वडा नं. १, २, ३, ४ र ५ मा जनप्रतिनिधि सहित प्रहरी प्राविधिकबाट सर्भे गर्ने कार्य सम्पन्न भएकोमा प्रहरीबाट प्रतिवेदन प्राप्त भए पछि आगामी बैठकमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

नागार्जुन नगरपालिकामा चालु आर्थिक वर्ष भित्रमा तपसिल बमोजिमका कार्यविधिहरू तर्जुमा तथा पारित गर्ने निर्णय गरियो ।

तपसिल:

| सि.नं. | कानूनको नाम | कैफियत |
|---|---|---|
| १. | नागार्जुन नगरपालिकाको अटिजम सेवा केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१ | पारित गर्ने |
| २. | नागार्जुन नगरपालिकाको सुशासन (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८१ | तर्जुमा गर्ने |
| ३. | नागार्जुन नगरपालिकाको सं घसंस्था दर्ता तथा नियमन सम्बन्धी ऐन, २०८१ | |
| ४. | नागार्जुन नगरपालिकाको अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी कार्यविधि, २०८१ | |

निर्णय नं. ५

नागार्जुन नगरपालिकामा तपसिलमा उल्लेखित खानेपानी तथा सरसफाई उपभोक्ता समितिको निवेदन अनुसार संस्था सञ्चालन गर्न लागि संस्था दर्ताको निवेदन पेश भएकोमा नागार्जुन नगरपालिकाको खानेपानी तथा सरसफाई र स्वच्छता सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८१ को सिफारीस समितिको मिति २०८१/०६/१७ को निर्णयबाट उपयुक्त देखि संस्था दर्ताको लागि नगर कार्यपालिकामा पेश भएका तपसिलमा उल्लेखित उपभोक्ता समितिलाई संस्था दर्ता गरी दर्ता प्रमाण पत्र प्रदान गर्ने निर्णय गरियो ।

तपसिल:

१. श्री स्यूचाटार खानेपानी तथा सरसफाई उपभोक्ता समिति, ना.न.पा. १० ।

निर्णय नं. ६

नागार्जुन नगरपालिकाको न्यायिक समितिको कार्यविधि, २०७५ को दफा ७१ बमोजिम मेलमिलापकर्ताहरूले मुद्दाका पक्षहरूसँग कुनै दस्तुर नलिएको अवस्थामा आ.व. २०८१/०८२ को खर्च शिर्षक नं. २२५२२ को मेलमिलापकर्ता परिचालन (खाजा, यातायात, बैठक, सञ्चार खर्च) शिर्षकमा विनियोजित बजेटबाट खर्च हुने गरी मेलमिलापकर्ताहरूलाई प्रति मुद्दा बढिमा ३ सिफ्टसम्मको लागि रू.५००/- (पाँच सय) मात्र यातायात/खाजा खर्च उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ७

नागार्जुन नगरपालिका अन्तर्गत फस्कु प्रहरी चौकीमा विजया दशमीको उपलक्ष्यमा मौलो पूजा गर्नको लागि यस नगरपालिकाको यस नगरपालिकाको आ.व. २०८१/०८२ को वार्षिक नीति, कार्यक्रम तथा बजेट पुस्तिकाको बजेट शिर्षक नं. २२५२९ को विविध कार्यक्रम खर्च शिर्षकमा विनियोजित बजेटबाट खर्च हुने गरी मौलो पूजाको लागि रकम रू.१०,०००/- (दश हजार) उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ८

यसमा यस नगरपालिकामा जनस्वास्थ्य अधिकृत (सातौं) तहमा कार्यरत श्री सुशिला कमर कठायतले वरिष्ठ जनस्वास्थ अधिकृत (आठौं) तहमा तहवृद्धि गरी पाउँ भनि मिति २०८०/०३/२२ गतेमा यस कार्यालयमा निवेदन दिनु भएको,

सम्मानित उच्च अदालत, पाटनमा उत्प्रेषण मिश्रित परमादेशको रिट निवेदन दर्ता भई अदालतबाट मिति २०८१/०५/०९ मा आदेश हुँदा निवेदकले आफुलाई आठौं तहको पदमा तहवृद्धि गरी पाउँ भनि मिति २०८०/०३/२२ मा नागार्जुन नगर कार्यपालिकाको कार्यालयमा दिएको निवेदन उपर प्रचलित कानून बमोजिम आवश्यक निर्णय गर्नु भनि सम्मानित उच्च अदालत, पाटनबाट नागार्जुन नगरपालिकाको नाममा परमादेशको आदेश जारी भएकोमा निवेदकको तह वृद्धि सम्बन्धि निवेदन माग, विगतमा भएका निर्ण, सम्मानीत उच्च अदालत, पाटनको मिति २०८१/०५/०९ को उत्प्रेषण मिश्रित परमादेश र अन्य नगरपालिकामा यसै प्रकृतिका केसमा भएका तहवृद्धिलाई समेत हेर्दा जनस्वास्थ्य अधिकृत सातौं तहका श्री सुशिला कमर कठायतलाई स्थानीय तहका सेवाको (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा १७ को उपदफा १ मा स्थानीय सेवाको सातौं तह र सो भन्दा माथिल्लो तहको पदमा सम्बन्धित स्थानीय तहको कार्यपालिकाबाट नियुक्ति र पदस्थापन गर्ने भन्ने व्यवस्था भएकोले सोही ऐनको दफा ३० (१) बमोजिम आठौं तहमा तहवृद्धि गरी अनुसूची ३ को (भ) को सि.नं. ३ मा भएको वरिष्ठ जनस्वास्थ्य अधिकृत (आठौं) तहको पदनाम दिने निर्णय गरियो ।

निर्णय नं. ९

नागार्जुन नगरपालिकाको कार्यालयमा इन्जिनियर सातौं तहमा करार सेवामा कार्यरत ई. शम्भुराज श्रेष्ठलाई मिति २०८१ साल असोज १ गतेदेखि लागू हुने गरी वरिष्ठ ईञ्जिनियर आठौं तहमा करार सेवामा नियुक्त तथा सम्झौता गरी कामकाजमा लगाउने निर्णय गरियो ।

निर्णय नं. १०.

मिति २०८१/०६/११ र १२ गते परेको अविरल वर्षाको कारण गएको पहिरोमा परी घाईते भएका श्री पुस्कर तामाङ्को मनमोहन अस्पतालमा उपचारको क्रममा सि.टि.स्क्यान गर्नको लागि सुभेक्षा इन्टरनेशनल हस्पिटलमा पठाई स्क्यान गरेवापतको खर्च रकम रू. ४,०००/- (चार हजार) मात्र भुक्तानी गरी पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त रकम यस नगरपालिकाको आर्थिक सहायताबाट खर्च हुने गरी भुक्तानी दिने निर्णय गरियो । साथै सोही पहिरोमा मनमोहन हस्पिटलमा उपचारार्थ आयुष श्रेष्ठ र ठाकुर शाहको उपचारमा भएको खर्च रकम रू.९५,८८५/- (पन्चानब्बे हजार आठ सय पचासी रूपैया) भुक्तानी पाउँ भनि सम्बन्धित हस्पिटलको निवेदन अनुसार उक्त रकम यस नगरपालिकाको आर्थिक सहायताबाट खर्च हुने गरी भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ११

Youth Skill Lab Asia pvt. Ltd. द्वारा कार्यान्वयन गरिएको Digital Empowerment Initiative मा नागार्जुन नगरपालिकासंग सहकार्य गरी Basic Computer Course गरेका ५० जना बेरोजगारहरुलाई डिजिटल साक्षरता दिई रोजगारीमा संलग्न गराउने लक्ष्य राखि नगरपालिकाले मिति २०८१/०३/०७ गते सूचना आवहान गरी प्राप्त निवेदन मध्ये ५० जना निवेदकहरुलाई मिति २०८१/०५/१० बाट online class संचालन गरेको छ । Youth Skill Lab Asia pvt. Ltd. र नागार्जुन नगरपालिका बिचको सहकार्यको लागि नगरपालिकाबाट रु.१,००,०००/- (एक लाख रुपैया) प्रदान गरीने भनी सम्झौता भएकोमा Youth Skill Lab Asia pvt. Ltd. बाट मिति २०८१/०६/१६ गते निवेदन पेश गरी सम्झौता बमोजिमको रकम रु.१००००० भुक्तानी पाउँ भनी निवेदन पेश गरेको हुँदा विविध कार्यक्रम खर्चबाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. १२

हाल परेको अविरल वर्षाको कारण नगरपालिका क्षेत्रभित्र उत्पन्न भएको मनसुनजन्य विपद्का कारण धेरै धनजन तथा मानविय क्षति समेत भएकोले यस नगरपालिका क्षेत्रभित्र ३० डिग्री भन्दा भिरालो जमिनको भूर्गभ अध्ययन गर्नको लागि राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरणमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. १३

यसमा यस नगरपालिकाको आ.व. २०८१/०८२ को वार्षिक नीति, कार्यक्रम तथा बजेट पुस्तिकाको नगरस्तरीय योजना अन्तर्गत बजेट शिर्षक नं. २२५२२ को भेट्रान फुटबल प्रतियोगिता कार्यक्रमको लागि रकम रु.१५,००,०००/- (पन्ध्र लाख) विनियोजन भएको तथा फुटबलर मिसन टुगेदरको मिति २०८१/०६/०७ को पत्रबाट नागार्जुन नगरपालिकाको सहयोग तथा फुटबल मिसन टुगेदरको आयोजनामा मिति २०८१ साल कार्तिक १ गतेदेखि १० गतेसम्म काठमाडौंमा सञ्चालन गर्न लागिएको भेट्रान फुटबल प्रतियोगिता आयोजनाको लागि यस नगरपालिकाबाट विनियोजित बजेट रु.१५,००,०००/- (पन्ध्र लाख) मात्रबाट कार्य गर्नको लागि श्री फुटबल मिसन टुगेदरसँग सम्झौता गरी बिल भर्पाई पेश भएपछि भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. १४

नागार्जुन नगरपालिका भित्र मिति २०७४ पछि निर्माण भएका भवनहरूमध्ये ४ मिटर बाटो भन्दा कम चौडाई भएका स्थानहरूमा निर्माण भएका भवनहरूको न्यूनतम FAR 2 भएकोले स्थानीय बासिन्दाहरूलाई अप्ठ्यारो परेको भनि जनगुनासो आएकोले सो FAR लाई न्यूनतम ४ मिटर बाटो चौडाई भएका स्थानहरूमा निर्माण भएका भवनहरूको सेडब्याक र ग्राउण्ड कभरेज यथावत गरी Structure Analysis तथा आवश्यक पर्ने अन्य इञ्जिनियरिङ्ग प्रक्रिया पुरा गरी 2.5 FAR कायम गर्ने तथा ६ मिटर बाटोमा भवन निर्माण गर्दा सेडब्याक र ग्राउण्ड कभरेज यथावत गरी 2.75 फार कायम गरी नक्सा स्वीकृत, नक्सा संशोधन तथा निर्माण सम्पन्न प्रदान गर्ने र उक्त निर्णयलाई आगामी नगर सभाबाट अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. १५

नागार्जुन नगरपालिका वडा नं. ५ छरडोलमा हालै भई रहेको अविरल वर्षातको कारण पहिरो गई ढलको पाईप तथा खानेपानीको प्राईप लाईनमा समेत क्षती भई वातावरण समेत प्रदुषण भएकोले सो पाईप लाईन मर्मतका लागि सम्बन्धित वडा कार्यालयको प.सं. २०८१/०८२, च.नं. ३८०, मिति २०८१/०६/१४ को पत्रबाट माग भई आएकोले प्राविधिक ल.ई. बमोजिम खानेपानी पाईप यस नगरपालिकाको प्रकोप व्यवस्थापनबाट खर्च हुने गरी उपलब्ध गराउने निर्णय गरियो ।

नागार्जुन नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

हरिसिद्धि, सितापाईला

निर्णय नं. २ सँग सम्बन्धित

मनसुन जन्य विपद्का पिडितहरुलाई राहत वितरण सम्बन्धि विवरण

| सि.नं | पिडितको नाम, थर | वडा नं. | रकम (रू.) | कैफियत |
|---|---|---|---|---|
| १ | मिलन नगरकोटि | २ | २५००० | |
| २ | आइतमाया नगरकोटी | ३ | २५००० | |
| ३ | निर्मला तामाङ | ३ | २५००० | |
| ४ | सानु काजि तामाङ | ३ | २५००० | |
| ५ | टिका बहादुर भुजेल | ३ | २५००० | |
| ६ | तुलसीराम पुतुवार | ३ | २५००० | |
| ७ | बद्री नगरकोटी | ३ | २५००० | |
| ८ | केशव तामाङ्ग | ३ | २५००० | |
| ९ | बिनोद पुतुवार | ३ | २५००० | |
| १० | सन्जिव तामाङ्ग | ३ | २५००० | |
| ११ | प्रताप तामाङ्ग (लामा) | ३ | २५००० | |
| १२ | हरि बहादुर तामाङ्ग/ सुकु माया तामाङ्ग | ३ | २५००० | |
| १३ | पार्वति गुरुङ्ग | ३ | २५००० | |
| १४ | आसमाया पुतुवार (दिपेन्द्र/ काले पुतुवार) | ३ | २५००० | |
| १५ | शंकर पुतुवार | ३ | २५००० | |
| १६ | शुसिला परियार समेत २ (राम बहादुर विश्वकर्मा) | ५ | २५००० | |
| १७ | ललिता कुमारी शाह | ६ | २५००० | |
| १८ | बिर बहादुर दोङ्ग | ६ | २५००० | |
| १९ | लिला माया श्रेष्ठ | ६ | २५००० | |
| २० | सिंघ बहादुर लामा | ६ | २५००० | |
| २१ | सुशीला तामाङ्ग | ६ | २५००० | |
| २२ | निमा दोर्जी तामाङ्ग | ६ | २५००० | |

| सि.नं | पिडितको नाम, थर | वडा नं. | रकम (रू.) | कैफियत |
|---|---|---|---|---|
| २३ | वेत मान मगर | ६ | २५००० | |
| २४ | बल बहादु गुरुङ्ग | ७ | २५००० | |
| २५ | कृष्ण बहादुर गिरी | ७ | २५००० | |
| २६ | प्रमोद बहादुर लामा | ७ | २५००० | |
| २७ | सुन्दर लामा | ७ | २५००० | |
| २८ | सुमन तामाङ | ७ | २५००० | |
| २९ | ज्ञानी तामाङ्ग लामा | ७ | २५००० | |
| ३० | जीवन तामाङ | ८ | २५००० | |
| ३१ | गंगा तामाङ | ८ | २५००० | |
| ३२ | मदन तामाङ्ग | ८ | २५००० | |
| ३३ | कमला नेपाल | १० | २५००० | |
| ३४ | ओम बहादुर कार्की | १० | २५००० | |
| | | | ८५०००० | |